# स्थानीय सरकार

# वीरगंज राजपत्र

वीरगंज महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ७, २०८० साल चैत्र महिना २२ गते, संख्या ४

## भाग – १

## संस्कृति तथा सम्पदा संरक्षण एवम् सम्वर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०८०

# स्थानीय सरकार
# वीरगंज राजपत्र

## वीरगंज महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ७, २०८० साल चैत्र महिना २२ गते, संख्या ४

### भाग – १

नेपालको संबिधानको धारा २२६ तथा मधेश प्रदेश गाउ सभा र नगर सभाको कानुन निर्माण प्रक्रियाको सम्बन्धमा ब्यबस्था गर्न बनेको ऐन २०७७ बमोजिम बिरगंज महानगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### सम्बत २०८० सालको ऐन नम्बर ४

## संस्कृति तथा सम्पदा संरक्षण एवम् सम्वर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०८०

# संस्कृति तथा सम्पदा संरक्षण एवम् सम्वर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०८०

प्रस्तावना वीरगंज महानगरपालिका क्षेत्र भित्र रहेका धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा सार्वजनिक महत्वका मठ, मन्दिर, मस्जिद, चर्च, बिहार, गुम्बा, गुरुद्वाराहरु एवं सोका सम्पतिहरुको रेखदेख गरी धर्म संस्कृति तथा इतिहासको जगेर्ना गर्ने र त्यस्ता धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक धरोहरहरूको ऐतिहासिकतालाई उजागर गरी महानगरलाई धार्मिक तथा पर्यटकीय नगरको रुपमा स्थापित गर्ने उद्देश्यले वीरगंज महानगरपालिकाको नगर सभाबाट यो ऐन तर्जुमा गरिएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यस ऐनको नामः **"संस्कृति तथा सम्पदा संरक्षण एवम् सम्वर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८०"** रहेको छ ।

२) यो ऐन महानगरपालिकाको नगर सभाबाट पारित भई राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

क) "ऐन" भन्नाले **संस्कृति तथा सम्पदा संरक्षण एवम् सम्वर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८०** लाई सम्झनु पर्छ ।

ख) "महानगरपालिका" भन्नाले वीरगंज महानगरपालिकालाई सम्झनु पर्छ ।

ग) "प्रमुख" भन्नाले नगर कार्यपालिकाको प्रमुख सम्झनुपर्छ ।

घ) “उपप्रमुख” भन्नाले नगर कार्यपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

च) “कला संस्कृति” भन्नाले समाजमा प्राचीनकालदेखि सामाजिक सदस्यका नाताले मानिसले तत् समाज सापेक्ष सोच्ने, विचार गर्ने, कार्य गर्ने, खाने, पिउने, बोल्ने, व्यवहार गर्ने लगायत चाडपर्व, नाचगान, भजन, साहित्य, कला, वास्तु आदिसँग सम्बन्धित व्यवहार, ज्ञान, प्रविधि र क्रियाकलापहरुको समुच्चतालाई जनाउनेछ ।

छ) “धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदा” भन्नाले महानगर भित्र रहेका विभिन्न धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्वका मठ, मन्दिर, मस्जिद, चर्च, गुम्बा, गुरुद्वारा, बिहार, भवन, सार्वजनिक स्थल समेतलाई सम्झनु पर्छ ।

ज) “सम्पदा व्यवस्थापन समिति” भन्नाले महानगर भित्र धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक आस्थाले स्थापना भएका संस्थाहरुको संयोजन तथा नियमनका लागी दफा ८ बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

झ) “महानगर कार्यपालिका” भन्नाले वीरगंज महानगरपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

ञ) “मन्त्रालय” भन्नाले संघ वा प्रदेश सरकारले स्थानीय तह हेर्ने मन्त्रालयलाई सम्झनु पर्छ ।

ट) “संरक्षण र सम्बर्द्धन” भन्नाले सम्पदालाई बार्ने, ढाक्ने, मर्मत गर्ने, सफा राख्ने,व्यवस्थापन गर्ने समेतको प्रबन्ध गरी सम्पदालाई मौलिक रुपमा दुरुस्त राख्ने काम सम्झनु पर्छ ।

## परिच्छेद- २

## धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको सूचिकरण तथा अभिलेखिकरण

### ३. धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदा सूचिकरणः

१) महानगरपालिकाको सरहदभित्र रहेका मठ, मन्दिर, मस्जिद, चर्च, गुम्बा, गुरुद्वारा, बिहार लगायतका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरु महानगरपालिकामा सूचिकृत हुनुपर्नेछ ।

२) उपदफा (१) बमोजिमका सम्पदाले सूचिकृत हुनका लागि तोकिएको ढाँचाको फारम भरि वडाको सिफारिस सहित महानगरपालिका कार्यलयमा निवेदन पेश गर्नुपर्नेछ ।

३) उपदफा (१) को प्रयोजनका लागी पहिलो पटकका लागि यो ऐन जारी भएको ६० दिन भित्र र प्रत्येक आर्थिक वर्ष सुरु भएको ३० दिन भित्र महानगरपालिकाले आबश्यक सुचना प्रकासन गर्नेछ ।

४) उपदफा (३) बमोजिम प्रकासित भएको सूचनाको म्याद भित्र महानगर भित्रका धार्मिक , सास्कृतिक तथा ऐतिहासिक सम्पदाको सुचिकरण गराउनु सम्बन्धित पक्षको अनिवार्य जिम्मेवारी हुनेछ ।

५) उपदफा (३) बमोजिम सूचनाको म्याद भित्र उपदफा (४) बमोजिम सूचिकरण गर्न नसक्नेको हकमा म्याद सकिएको ३० दिन भित्र उचित र मनासिव माफिको कारण सहितको निवेदन लिई आएमा दफा (९) बमोजिमको समितिले तोकेको जरिवाना तिराई महानगरपालिकाले सूचिकरण गरिदिनेछ ।

६) उपदफा (१), (२), (३) र (५) बमोजिम सूचिकृत हुन नआएमा महानगरपालिकाबाट सो धार्मिक , सास्कृतिक र एतिहासिक सम्पदाहरुको व्यवस्थापन समिति तथा सो सगँ सम्बन्धित अन्य निकाय

विगठन गरि दफा (९) बमोजिमको समितिबाट निर्णय गरि समितिको कुनै सदस्यको संयोजकत्वमा सो सम्पदा संचालनका लागि नया तर्दथ समिति गठन गरिनेछ ।

७)उपदफा (६) बमोजिम गठित समिति सूचिकरण गर्ने र सरोकारवाला पक्षहरुसगँ छलफल गरि नयाँ व्यवस्थापन समिति गठन गर्ने कार्य सम्पन्न नहुन्जेल क्रियासिल रहनेछ ।

८)यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएपनि सूचिकरण सम्बन्धि कुनै अस्पष्टता वा विवाद सिर्जना भएमा दफा (९) बमोजिमको समितिको निर्णय अन्तिम हुनेछ ।

**४.धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदा विवरण अभिलेखिकरणः**

१) महानगरपालिकाले दफा (३) बमोजिम सूचिकृत हुन आएका आफ्नो सरहदभित्र रहेका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्वका मठ, मन्दिर, मस्जिद, चर्च, गुम्बा, गुरुद्वारा, बिहारहरु र त्यस अन्तर्गतका चल अचल सम्पत्तिहरुको लगत किताब खडा गरी अभिलेख राख्नेछ ।

२) महानगरपालिकाले उपदफा (१) बमोजिम तयार गरिएको अभिलेखका आधारमा महानगरपालिकामा रहेका सबै मठ, मन्दिर, मस्जिद, चर्च, गुम्बा, गुरुद्वारा, बिहार र त्यस अन्तर्गतका सम्पत्तिहरुको विवरण तयार गरी महानगरको वेबसाइटमा राखिने छ र यस्तो विवरण नियमित रुपमा अध्यावधिक गरिनेछ ।

## परिच्छेद - ३

## धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको व्यवस्थापन र संरक्षण

**५. धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको व्यवस्थापनः**

१) महानगरपालिकाको सरहदभित्र रहेका सार्वजनिक मठ, मन्दिर, मस्जिद, चर्च, गुम्बा, गुरुद्वारा, बिहार लगायतका धार्मिक, सांस्कृतिक

तथा ऐतिहासिक सम्पदाहरुको व्यवस्थित प्रवन्ध सुनिश्चित गर्न एक विधान तयार गरी सोहि विधान अनुसार संचालित हुनेछन् ।

२) उपदफा (१) को प्रयोजनका लागि महानगरपालिकाको संस्कृति तथा सम्पदा व्यवस्थापन शाखाले विधानमा उल्लेख हुनुपर्ने मुल विषयहरू निर्धारण गरी विधानको ढाँचा तयार गर्नेछ ।

३) यो ऐन जारी भएका समयमा संचालनमा रहेका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरु विधान नबनाई संचालनमा रहेको भए विधेयक जारी भएको एक वर्षभित्र उक्त संस्थाले विधान पारित गरी कार्यान्वयनमा ल्याउनु पर्नेछ ।

४) यो विधेयक जारी हुनु अगावै विधान पारित गरी संचालनमा रहेका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाले उपदफा (२) अनुसार तोकिएका मुल विषयहरु विधानमा छुटेको भए एक वर्षभित्र उक्त विषयहरु समेटि विधान संशोधन गर्नेछ ।

**६. धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण :**

१) महानगरपालिकाको सरहदभित्र रहेका सार्वजनिक मठ, मन्दिर, मस्जिद, चर्च, गुम्बा, गुरुद्वारा, बिहार लगायतका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरुको संरक्षण गर्नु सम्बन्धित समुदाय र महानगरपालिकाको कर्तव्य हुनेछ ।

२) उपदफा (१) को प्रयोजनका लागि महानगरपालिकाले आबश्यक प्रवन्ध गर्नेछ ।

३) सम्पदाको संरक्षणका क्रममा सम्पदाहरुको मर्मत सम्भार गर्दा मौलिक स्वरुप नविग्रिने कुराको सुनिश्चित गर्नु पर्नेछ ।

४) यस दफमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन जारी हुनुपूर्वनै सम्पदाको परम्परागत मौलिक स्वरुप विग्रने गरि निर्माण

गरिएका संरचनाहरु दफा (९) बमोजिमको सम्पदा व्यवस्थापन समितिले निर्णय गरि पुरानै मौलिक स्वरुप कायम हुने गरि आबशयक व्यवस्थापन गर्न सक्नेछ ।

## ७. आर्थिक विवरण र लेखापरिक्षण

१) धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरुको नाममा रहेको आम्दानी, खर्च एवं चल अचल सम्पत्तिको विवरण प्रत्येक वर्ष सार्वजनिक गर्नु पर्नेछ र त्यस्तो सार्वजनिक गरिएको प्रतिवेदन महानगरमा अनिवार्य पेश गर्नु पर्नेछ ।

२) महानगरपालिकाभित्र रहेका प्रत्येक धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाले वार्षिक हिसाव किताव लेखा परिक्षण गराइ त्यसको विवरण आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र महानगरपालिकामा पेश गर्नुपर्नेछ ।

# परिच्छेद - ४

# संस्कृति तथा सम्पदा व्यवस्थापन शाखा

## ८. संस्कृति तथा सम्पदा व्यवस्थापन शाखा स्थापनाः

१) यस ऐनको उद्देश्य पुर्तिका लागि महानगरमा रहेको धर्म, कला तथा संस्कृति शाखाको स्थापना गरिने छ ।

२) उपदफा (१) बमोजिम स्थापित शाखाको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ :

क) महानगरपालिकामा रहेका सबै धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरुको महानगरमा  सबै वडाहरुसँग समन्वय गर्दै लगत व्यवस्थापन गर्ने ।

ख) महानगरपालिकामा रहेका सबै धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरुको महानगरमा सूचिकरणका लागि आह्वान गर्ने ।

ग) महानगरपालिकामा सूचिकरण हुन आएका महानगरभित्रका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरुको सूचिकरण गरी सूचिकरणको प्रमाणपत्र वा निस्सा दिने ।

घ) महानगरपालिकामा सूचिकरण भएका सबै धार्मिक तथा सांस्कृतिक महत्वका मठ, मन्दिर, मस्जिद, चर्च, गुम्बा, गुरुद्वारा, बिहारहरु र त्यस अन्तर्गतका चल अचल सम्पतिहरूको छुट्टै लगत किताब खडा गरी अभिलेख राख्ने ।

ङ) महानगरपालिकामा सूचिकरण भएका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदासम्बन्धि लगत किताब नियमित रुपमा अध्यावधिक गर्ने ।

च) महानगरपालिकाभित्रका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदासम्बन्धि तथ्यांक नियमित रुपमा महानगरको वेवसाइटमा प्रकाशन तथा अध्यावधिक हुने व्यवस्था मिलाउने ।

छ) धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरुको सुरक्षा व्यवस्थापनका लागि नगर प्रहरी परिचालन एवम् आबश्यकता अनुसार राष्ट्रिय सुरक्षा निकायमा समन्वय गर्ने ।

ज) महानगरपालिका भित्रका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरु भत्केमा वा बिग्रेमा त्यसको जीर्णोद्धार गर्न नेपाल सरकार, प्रदेश सरकार समक्ष ऐतिहासिक महत्व समेत उल्लेख गरी विस्तृत विवरण र ऐस्टमेट पठाउने र जिर्णोद्धारका लागि आवश्यक प्रबन्ध गर्ने ।

झ) एकै समयमा एक भन्दा बढी धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरुको मर्मत सम्भारका लागि निवेदन आएमा मर्मत सम्भार गर्नका लागि प्राथमिकता तोक्नु पर्ने भएमा त्यस्तो निवेदन दिने

संस्थाहरुको प्राथमिकता एवं रकम तोक्न कार्यपालिकालाई सुझाव दिने ।

ञ) प्रचारमा नआएका प्राचीन सम्पदा र संस्कृतिहरुको खोजी गरी त्यसको अभिलेख र लगत राख्ने ।

ट) दफा ५(१) को प्रयोजनका लागि विधानमा उल्लेख हुनुपर्ने मुल विषयहरू निर्धारण गरी विधानको ढाँचा तयार गर्ने ।

ठ) धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरु सूचिकरणको ढाँचा तयार गर्ने ।

ड) धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरुको परिसरमा हुने व्यापारिक कार्यमार्फत आउने राजश्व महानगरपालिका बुझाए नबुझाएको अनुगमन गर्ने ।

ढ) धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरुको सम्बन्धमा अन्य आबश्यक कार्य गर्ने ।

## परिच्छेद - ५

## सम्पदा व्यवस्थापन समिति

### ९. सम्पदा व्यवस्थापन समितिको गठनः

१) महानगरपालिकालाई धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक आस्थामा आधारित संस्थाहरु संरक्षण सम्बन्धमा सल्लाह तथा निर्देशन दिन एक महानगर स्तरीय समिति रहने छः

| | |
|---|---|
| क. महानगरपालिका प्रमुख | संयोजक |
| ख. महानगरपालिका उपप्रमुख | उप संयोजक |
| ग. प्रमुख प्रशासकिय अधिकृत | सदस्य |

घ. महानगरपालिका प्रमुखले तोकेको एक महिला सहित तिन कार्यपालिका सदस्य सदस्य

ङ. धार्मिक गुरु वा विज्ञहरु मध्ये प्रमुखले मनोनयन गरेका दुई जना सदस्य

च. भाषा, कला तथा संस्कृति शाखाका प्रमुख सदस्य सचिव

२) खण्ड (ङ) बमोजिम सदस्य तोक्दा सकेसम्म फरक धार्मिक आस्थाका वा फरक लैंगिक पहिचानका व्यक्ति तोक्नु पर्नेछ ।

३) समितिको वैठकमा आबश्यकता अनुसार विषय विज्ञ लाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सक्नेछ ।

४) समितिको बैठक कम्तिमा प्रत्येक तीन महिनामा एक पटक र आवश्यकता अनुसार बस्न सक्नेछ । बैठक संयोजकले तोकेको स्थानमा बस्नेछ ।

५) मनोनित सदस्यहरुको पदावधि २ वर्ष हुनेछ । कार्यपालिकाले आवश्यक ठानेमा १ वर्षको अवधि थप गर्न सक्नेछ ।

**१०. समितिको काम कर्तव्य र अधिकारः** धार्मिक संस्कृतिक संस्था व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरुको परिसरमा हुने व्यापारिक क्रियाकलापको व्यवस्थापनका लागि कार्यपालिकासमक्ष सुझाव पेश गर्ने ।

ख) निजी जग्गामा रहेका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरुमा जानका लागि सर्वसाधारणहरुलाई लगाइने प्रवेश शुल्क वा अन्य मर्मत सम्भार वा संरक्षण शुल्कको लागि प्रस्तावित शुल्कमा आवश्यक छलफल गरी स्वीकृति दिने ।

ग) प्राचीन कला-संस्कृति एवं सम्पदाहरु संस्कृतिलाई यथास्थितिमा र कलात्मक स्वरुपमै जोगाई राख्न जन चेतना जगाउन विभिन्न कार्यक्रमहरु गर्ने।

घ) महानगरभित्र कुनै नयाँ धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदा वा सो सँग सम्बन्धित कुनै पूर्वाधार बनाउनु पर्ने भएमा महानगर कार्यपालिकालाई सो सम्बन्धमा सिफारिस गर्ने।

ङ) धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरुको रेखदेख गर्ने।

च) धार्मिक वा सांस्कृतिक क्षेत्रभित्रका निजी सम्पदा घर, भवनलगायत लामो समयसम्म मुद्दा परी, विवाद भई वा सम्बन्धित धनीले बेवास्ता गरी जीर्ण वा नष्ट हुने अवस्थामा पुगी उक्त सम्पदा वा घर, भवन लडी, भत्की, नासिने अवस्थामा देखिएमा विवादको अन्तिम किनारा भएपछि सम्बन्धित घर वा जग्गाधनीबाट लागत असुल्ने गरी त्यस्ता सम्पदाहरुको तत्काल पुनः निर्माण र जिर्णोद्वार गरी संरक्षण र सम्बर्द्धन गर्न महानगरलाई सिफारिस गर्ने।

छ) कुनै व्यक्ति, संस्था वा सामुहिक रुपमा कुनै धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदा वा सम्पदा हस्तान्तरण गर्न चाहेमा हक हस्तान्तरण गरी लिई सोको मौलिक शैलीमै संरक्षण गर्न महानगरपालिकामा सिफारिस गर्ने।

ज) महानगरभित्रका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरुको क्षेत्रभित्र सवारी आवागमन निश्चित सीमा र समय तोकी निषेध गर्न सिफारिस गर्ने।

झ) महानगर क्षेत्रमा रहेका ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरुलाई महानगरको आन्तरिक र वाह्य पर्यटन प्रवर्द्धन हुनेगरी नयाँ भौतिक संरचना निर्माण, मर्मत सम्भार र व्यवस्थापन लगायत अन्य कार्यहरुका लागि महानगरपालिकामा सिफारिस गर्ने।

**११. समितिको बैठक:** समितिको बैठक प्रत्येक चौमासिकमा कम्तीमा एक पटक हुने गरी प्रत्येक आ.व.मा कम्तीमा तीन पटक बस्नेछ ।

**१२. महानगरपालिकाको अधिकारमा बाधा नपर्ने:**

१) यस ऐनको दफा (९) बमोजिम गठित समितिले यसै ऐनको दफा ( १०) र दफा (८) बमोजिमको संस्कृति तथा सम्पदा व्यवस्थापन शाखाले सोहि दफा बमोजिम गरेका कार्यहरुको अभिलेख राख्ने र समितिले गरेको सिफारिसहरुको कार्यान्वयन गरी धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको सुरक्षा गर्ने कार्य महानगरपालिकाले गर्नेछ ।

२) यस ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि महानगर क्षेत्रभित्रको धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरुको संरक्षण, सम्बर्द्धन र विकासका लागि महानगर कार्यपालिकाले आवश्यक निर्णय गर्न बाधा हुने छैन ।

३) कसैले महानगर क्षेत्रभित्रका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदा वा सो को सम्पत्तिमा पर्ने वस्तुहरु भत्काउन, मर्मत, पुनः निमार्ण गर्न परेमा महानगरको स्वीकृति लिनु पर्नेछ ।

## परिच्छेद- ६

## मापदण्ड, स्वच्छ वातावरण तथा पर्यटकीय हवको रुपमा विकास सम्बन्धी व्यवस्था

**१३. मापदण्ड निर्धारण गरिने:**

१) महानगरपालिका क्षेत्र भित्र रहका पुराना ऐतिहासिक मठ मन्दिर तथा अन्य सम्पदाहरुको नयाँ भौतिक संरचना निर्माण तथा मर्मत सम्भारको लागि देहाय बमोजिम व्यवस्थापन गर्न मिल्ने गरी जग्गा उपलब्ध भएको हुनु पर्नेछ ।

क) ऐतिहासिक सम्पदाको वरीपरी घेरवार गर्न मिल्ने,

ख) खुल्ला मैदान निर्माण गर्न सकिने गरी प्रयाप्त जग्गा भएको,

ग) ऐतिहासिक सम्पदाहरुको आफ्नै नाममा स्वामित्व भएको,

घ) पुरातत्व वा सम्बन्धित संस्थाको प्राथमिकतामा रही डि.पि.आर समेत तयार भएको हुनु पर्ने,

ङ) ऐतिहासिक सम्पदाको नाममा रहको चल अचल सम्पति खुलेको हुनु पर्ने,

च) ऐतिहासिक सम्पदाहरुको नाममा रहेको चल अचल सम्पति सार्वजनिक गरेको प्रतिवेदन महानगरपालिकामा पेश गरेको हुनु पर्ने,

छ) धर्मशाला लगायत अन्य आवश्यक भौतिक संरचना निर्माण गर्नको लागि प्रर्याप्त जग्गा भएको हुनु पर्ने ।

२) उपदफा (१) बमोजिम मापदण्डहरुका साथसाथै अन्य आवश्यक मापदण्डहरु आवश्यकताको आधारमा महानगरपालिकाले निर्णय गरी तोक्न सक्नेछ ।

**१४. स्वच्छ वातावरण निर्माण गर्नु पर्नेः**

१) ऐतिहासिक सम्पदाहरुको वरीपरी सम्बन्धित क्षेत्रको माटो परिक्षण गरी विभिन्न खालका फलफुल तथा अन्य बोट विरुवाको बृक्षारोपण गरी हरियाली तथा स्वच्छ वातावरण निर्माण गर्नु पर्नेछ ।

२) ऐतिहासिक मठ मन्दिर, चैत्य, गुम्वा, मस्जिद तथा अन्य सम्पदाहरुको वरीपरी चारैतिर हरियाली वातावरणको लागि अनिवार्य बृक्षारोपण कार्य गर्नु पर्ने र त्यस्तो बृक्षारोपण गर्ने तथा सुरक्षा गर्ने जिम्मेवारी सम्बन्धित समदायको हुनेछ र त्यसको लागि समुदायले संरक्षण समिति गठन गर्नु पर्नेछ ।

३) उपदफा (१) र (२) बमोजिम बृक्षारोपणको लागि आवश्य आर्थिक श्रोतको व्यवस्थापन सम्बन्धित समुदायले गर्नु पर्नेछ ।

४) माथि उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि सम्बन्धित समुदायले ऐतिहासिक सम्पदाहरुको संरक्षण, मर्मत सम्भार तथा नयाँ भौतिक संरचना निर्माणको लागि समुदायले आफैले पनि आर्थिक श्रोत व्यवस्थापन गरी कुनै कार्य गर्न बाधा पुर्याएको मानिने छैन ।

**१५. पर्यटकिय हवको रुपमा विकास गर्नु पर्ने :**

१) महानगरपालिका क्षेत्र भित्र रहका पुराना ऐतिहासिक मठमन्दिर तथा अन्य सम्पदाहरुलाई महानगरपालिकाको आन्तरिक र वाह्य पर्यटन प्रर्वद्धन हुनेगरी नयाँ भौतिक संरचना निर्माण, मर्मत सम्भार र व्यवस्थापन लगायत अन्य कार्यहरु सम्पदाको संरक्षणका साथै पर्यटकिय हवको रुपमा विकास हुने गरी गर्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिम कार्य गर्दा महानगरपालिकाले पर्यटन विकासको अवधारणालाई मध्यनजर गरी आवश्यक निर्णय तथा मापदण्डहरु निर्धारण गरी तोक्न सक्नेछ ।

## परिच्छेद- ७

## कसुर तथा सजाय

**१६. कसुरः** कसैले देहायको कुनै काम गरे गराएमा यस ऐन बमोजिम कसूर भएको मानिनेछ,

क) महानगरको संरक्षण र रेखदेखमा महानगरभित्र रहेको विभिन्न धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्वका मठ, मन्दिर, मस्जिद, चर्च, गुम्बा, गुरुद्वारा, बिहार र त्यस अन्तर्गत सम्पति क्षेत्रमा अनाधिकृत प्रवेश गरेमा,

ख) महानगरको संरक्षण र रेखदेखमा महानगरभित्र रहेको विभिन्न धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्वका मठ, मन्दिर, मस्जिद,

चर्च, गुम्बा, गुरुद्वारा, बिहार र त्यस अन्तर्गत सम्पति क्षेत्र भित्र फोहोर गरेमा,

ग) महानगरको संरक्षण र रेखदेखमा महानगरभित्र रहेको विभिन्न धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्वका मठ, मन्दिर, मस्जिद, चर्च, गुम्बा, गुरुद्वारा, बिहार र त्यस अन्तर्गत जग्गामा अनाधिकृत संरचना बनाएमा,

घ) महानगरको संरक्षण र रेखदेखमा महानगरभित्र रहेको विभिन्न धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्वका मठ, मन्दिर, मस्जिद, चर्च, गुम्बा, गुरुद्वारा, बिहार र त्यस अन्तर्गत सम्पतिको अनाधिकृत प्रयोग गर्ने वा मास्ने वा बिगार्ने वा नास्ने काम गरेमा।

**१७. सजायः**

१) दफा १६ को खण्ड (क) बमोजिमको कसुर गर्ने व्यक्तिलाई महानगरले पहिलो पटक भए ५०० देखि  ५,००० हजार सम्म जरिवाना, दोस्रो पटक सोहि कसुर गरेमा ५,००० देखि  १०,००० सम्म, तेस्रो वा सो भन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि थप १०,००० दरले जरिवाना गरी अशुल गर्नेछ ।

२) दफा १६ को खण्ड (ख) बमोजिमको कसुर गर्ने व्यक्तिलाई महानगरको फोहोर मैला व्यवस्थापन ऐन, २०७५  बमोजिम हुने सजायमा थप पचास प्रतिशत सजाय हुनेछ ।

३) दफा १६ को खण्ड (ग) बमोजिमको कसुरमा त्यस्तो अनाधिकृत संरचना तत्काल हटाई, अनाधिकृत संरचना बनाउने व्यक्तिसग समितिले तोकेको जरिवाना अशुल गर्नेछ । साथै त्यस्तो अनाधिकृत संरचना हटाउन लागेको खर्च समेत सम्बन्धित व्यक्तिबाट असुल उपर गरिनेछ ।

४) दफा १६ को खण्ड (घ) बमोजिमको कसुर गर्ने व्यक्तिलाई महानगरले पहिलो पटक भए५००० देखि २५,००० जरिवाना, दोस्रो पटक सोहि कसुर गरेमा२५,००० देखि ५०,००० जरिवाना र तेस्रो वा सो भन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि थप ५०,००० दरले जरिवाना अशुल उपर गरिनेछ ।

५) यस ऐन बमोजिम गरिएको जरिवानाका अलावा प्रचलित कानून बमोजिम फौजदारी कसुर कायम हुने भएमा सो बमोजिम सजाय गर्न वाधा पर्ने छैन ।

**१८. पुनरावेदन:** यस ऐन बमोजिम महानगरपालिकाले गरेको आदेश वा निर्णय चित्त नबुझेमा ३५ दिन भित्र जिल्ला अदालतमा पुनरावेदन दिन सकिनेछ ।

## परिच्छेद- ८

## आर्थिक श्रोतको व्यवस्थापन सम्बन्धी व्यवस्था

### १९.श्रोतको व्यवस्था गर्नु पर्ने:

१) महानगरपालिकामा रहेका विभिन्न धर्म, परम्परा र संस्कृति सँग सम्बन्धित ऐतिहासिक सम्पदाहरुको निर्माण, संरक्षण तथा मर्मत सम्भार, इतिहास लेखन र अभिलेखको लागि आवश्य पर्ने आर्थिक श्रोत प्रत्येक आर्थिक वर्षमा हुने नगरसभावाट पारित हुने गरी महानगरपालिकाले श्रोतको व्यवस्था गर्नु पर्नेछ ।

### २०. कोष स्थापना गर्न सक्ने:

१) महानगरपालिकाले ऐतिहासिक सम्पदाहरुको नयाँ संरचना निर्माण तथा संरक्षण, मर्मत सम्भार लगायत अन्य विकासका कार्यहरु गर्न ऐनको अधिनमा रही कार्यविधि तथा नियमावली निर्माण गरी एक आर्थिक कोष स्थापना गर्न सकिनेछ ।

२) कुनै निश्चित ऐतिहासिक सम्पदाको हकमा सम्बन्धित समुदायले कोष स्थापना गर्न चाहेमा महानगरपालिकाको अनुमति लिई त्यस्तो कोष स्थापना गर्न सकिनेछ ।

**२१. लेखा परिक्षण गर्नु पर्ने :**

१) यस ऐनको दफा २० बमोजिम स्थापना गरिएका कोषहरुको प्रचलित कानून बमोजिम लेखा परिक्षण गराउनु पर्नेछ ।

(२) सम्बन्धित समुदायहरुले आफ्नो धर्म संस्कृति तथा परम्परामा आधारित मठमन्दिर तथा अन्य धार्मिक सम्पदाहरुको नाममा रहेको चल अचल सम्पति प्रत्येक वर्ष सार्वजनिक गर्नु पर्नेछ र त्यस्तो सार्वजनिक गरिएको प्रतिवेदन महानगरपालिकामा अनिवार्य पेश गर्नु पर्नेछ ।

## परिच्छेद- ९

## विविध

**२२. नियम वा निर्देशिका बनाउने अधिकारः** यो ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्य महानगरले आवश्यकता अनुसार नियम वा निर्देशिका बनाउन सक्नेछ ।

**२३. बाधा अड्काउ तथा फुकाउने अधिकारः** यो ऐनको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउको आदेश जारी  गर्न सक्नेछ ।

**२४. संसोधनः** यस ऐनको संसोधन प्रचलित कानुनी व्यवस्थाअनुसार महानगरको नगरसभाले गर्न सक्नेछ ।

**२५. बचाउ तथा खारेजी**

१) यस ऐनकोमा लेखिएका कुरामा यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

नगरसभाबाट पारित मिति २०८०/०९/२७
प्रमिकरण मिति २०८०/१०/०४
राजपत्र प्रकाशित मिति २०८०/१२/२२

**आज्ञाले**
मातृका भट्टराई
प्रमुख प्रशासकीय अधिकृत
वीरगंज महानगरपालिका